का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ असार २०८१,
शुक्रबार
5 July 2024,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १४३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# माधवसँग घनश्यामको जोर चलेन

**अध्यक्षमा दाबी गरेका घनश्याम भुसाल महासचिवमै दोहोरिएका छन् । नेताहरूका अनुसार सर्वसम्मत नेतृत्व चयन गर्ने पार्टीका अधिकांश नेताहरूको सुझावले भुसाल महासचिवमै रहन बाध्य भएका हुन् ।**



**शिव विक/मध्यान्ह**
काठमाडौं, २० असार ।

नेकपा एकीकृत समाजवादीको दशौं राष्ट्रिय महाधिवेशनले अध्यक्ष र महासचिव सर्वसम्मत चयन गरेको छ । पार्टी अध्यक्षमा माधवकुमार नेपाल र महासचिवमा घनश्याम भुसाल सर्वसम्मत चयन भएका हुन् ।

बिहीवार बसेको सचिवालय बैठकले अध्यक्षमा नेपाल, सम्मानित नेतामा झलनाथ खनाल र महासचिवमा घनश्याम भुसाललाई चयन गर्ने सहमति गरेको थियो । उक्त सहमतिलाई महाधिवेशन अध्यक्ष मण्डलका अध्यक्ष झलनाथ खनालले महाधिवेशन हलमा पेस गरेका थिए । महाधिवेशन हलले उनीहरूलाई सर्वसम्मत चयन गर्ने सचिवालयको निर्णय अनुमोदन गरेको हो ।

अध्यक्षमा नेपालसँगै झलनाथ खनाल र महासचिव घनश्याम भुसालले दाबी गरेका थिए । खनालले अध्यक्षमा भुसाललाई सहयोग गर्ने बचन दिएको समेत बताइएको थियो । तर, निर्णय हुने बेला अध्यक्षमा दाबी गरेका भुसाल महासचिवमै दोहोरिए । नेताहरूका अनुसार सर्वसम्मत नेतृत्व चयन गर्ने पार्टीका अधिकांश नेताहरूको सुझावले भुसाल महासचिवमै रहन बाध्य भएका हुन् ।

गत असार १६ गतेदेखि काठमाडौँको कमलादीमा एकीकृत समाजवादीको ११ औं महाधिवेशन चलेको थियो । झलनाथ खनाल सम्मानित नेता चयन भए । यी तीन पद महाधिवेशन हलले सर्वसम्मत भएको घोषणा गरेको हो । अन्य पद सचिवालयले टुंग्याउने निर्णय भएको छ ।

एकीकृत समाजवादीकी नेतृ रामकुमारी झाँक्रीले भने पदाधिकारी सर्वसम्मत भयो भनेर सार्वजनिक भएको विषयप्रति आपत्ति जनाएकी छिन् । उनले अध्यक्ष मण्डलका अध्यक्ष झलनाथ खनाललमाथि प्रश्न राख्दै यसरी सर्वसम्मत भयो भनेर प्रतिनिधिलाई घर पठाएको भन्दै आक्रोस पोखेकी हुन् ।

'अध्यक्ष र महासचिवको सर्वसम्मत गर्न मसमेतको प्रयास सफल भएको हो तर अध्यक्ष मण्डलका अध्यक्ष झलनाथ खनाललाई पदाधिकारीदेखि केन्द्रीय सदस्यसम्मत सर्वसम्म भयो भनेर प्रतिनिधिहरूलाई घर पठाउने म्याण्डेट कसले दियो ? को पदाधिकारी, को सदस्य खै त खनाल कमरेड ?' झाँक्रीले सामाजिक सञ्जालमा लेखेकी छिन् ।

नेकपा एमालेसँग विभाजन भएपछि एकीकृत समाजवादीले महाधिवेशन गरेको हो ।

२०७८ साल भदौ २ गते नेकपा एमालेबाट विद्रोह गरी माधव नेपालले आफ्नै नेतृत्वमा एकीकृत समाजवादी स्थापना गरेका थिए । पार्टी स्थापनाको ३४ महिनामा उनले महाधिवेशन सम्पन्न गरेका हुन् ।

कतिपय नेताहरू झलनाथ खनालले सहयोग गर्ने बचन तोडेकाले घनश्याम महासचिवमै रहन बाध्य भएको बताउँछन् ।

नेतृत्व छनोटका लागि बिहीबार बिहानैदेखि निर्वाचन प्रक्रिया अगाडि बढाइएको थियो ।

पृष्ठ २ मा

## जबजको निरन्तरता

महाधिवेशनले नेतृत्व चयनका अलावा समाजवादी कार्यक्रमसहितको राजनीतिक कार्यदिशा समेत तय गरेको छ । महाधिवेशनमा पेश भएको दस्तावेज सर्वसम्मत पारित भएको हो ।

महाधिवेशनले तत्कालीन महासचिव मदन भण्डारीले अघि सारेको जनताको बहुदलीय जनवाद (जबज) लाई समाजवादी कार्यदिशाको अभिन्न अंग बनाएर राजनीतिक दस्तावेज पारित गरको हो ।

जबजका विषयमा बहस भएको थियो ।

अध्यक्ष माधवकुमार नेपालले पार्टीको सिद्धान्त जनताको बहुदलीय जनवाद (जबज) ले अगाडि सारेका समाजको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका मागलाई समाजवादी कार्यक्रमका अभिन्न अंग बनाएको सो दस्तावेज हलले पारित गरेको हो । समूहगत छलफलबाट आएका निश्कर्षमा आधारमा राजनीतिक दस्तावेजहरु पारित भएका हुन् ।

दसौं महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रतिवेदनमा जबजले अघि सारेका सामन्तवादविरोधी राजनीतिक माग, नारा र मूल्यमान्यता संविधानमा संस्थागत भएकाले अबको बाटो समाजवादी हुने दस्ताबेजमा छ ।

नेपाल, वरिष्ठ नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसाको सहमतिमा यो राजनीतिक प्रतिवेदन तयार भएको थियो ।

'अहिले नेपाली क्रान्ति जनवादी चरण पार गरेर समाजवादी चरणमा प्रवेश गरेको हुँदा अब समाजवादी क्रान्तिको कार्यक्रम अंगालेर अगाडि बढ्नुपर्दछ' प्रतिवेदनमा भनिएको छ । जबजले अगाडि सारेका समाजको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका माग व्यवहारमा भने लागू भइनसकेको प्रतिवेदनमा उल्लेख छ ।

**गृहमन्त्रीविरुद्धको मुद्दा**

# बाँडिए न्यायाधीश बाझियो राय



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० असार ।

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेविरुद्धको मुद्दा हेरिरहेका न्यायाधीश दुई पक्षमा बाँडिएका छन् । न्यायाधीश नै बाँडिएपछि राय बाझिएको छ र तीन न्यायाधीशको इजलासले सुनुवाइ गर्नुपर्ने भएको छ ।

> गृहमन्त्री रवि लामिछानेविरुद्धको मुद्दा हेरिरहेका न्यायाधीश दुई पक्षमा बाँडिएका छन् । न्यायाधीश नै बाँडिएपछि राय बाझिएको छ र तीन न्यायाधीशको इजलासले सुनुवाइ गर्नुपर्ने भएको हो ।

सर्वोच्च अदालतका दुई न्यायाधीशका बिचमा फरक-फरक राय आएपछि यो विवाद तीन न्यायाधीशको इजलासमा जाने भएको हो । अब तीन न्यायाधीशको पूर्ण इजलासले यो बारेमा फैसला सुनाउनेछ ।

न्यायाधीश सपना प्रधान मल्ल र सारंगा सुवेदीको इजलासमा एकमत हुन नसकेपछि बिहीबार मुद्दाको टुंगो लाग्न सकेन । अधिवक्ता अनुपम भट्टराईले गृहमन्त्री लामिछाने शेयर सदस्य रहेको गोर्खा मिडिया नेटवर्कमा विभिन्न सहकारीको अवैध रकम अपचलन गरिएको र उनको नाममा समेत ऋण लिइएकाले अनुसन्धान गर्ने निकायको नेतृत्व गर्न नमिल्ने दाबी गर्दै मुद्दा हालेका थिए ।

वैशाख २४ मा महान्यायाधिवक्ताको कार्यालयले सहकारी ठगीमा नाम जोडिएका उपप्रधान तथा गृहमन्त्री लामिछानेविरुद्ध कतै पनि उजुरी र अभियोजन नरहेको पत्र दिएपनि यो विवाद चर्केको थियो । कास्कीमा सूर्यदर्शन सहकारीका ठगी पीडितले लामिछानेविरुद्ध किटानी जाहेरी दिएको भए पनि महान्यायाधिवक्ताको कार्यालयले लामिछानेलाई क्लिनचिट दिएको भन्दै अधिवक्ता भट्टराईले रिट दायर गरेका हुन् ।

सुनुवाई पछि गृहमन्त्री लामिछानेले राजीनामा दिनुपर्छ कि पर्दैन भन्ने विषयमा दुई न्यायाधीशबीच राय बाझिएको हो ।

सुनुवाइपछि न्यायाधीश प्रधानले गृहमन्त्री लामिछानेले राजीनामा दिनु नपर्ने राय दिएकी छन् भने न्यायाधीश सारंगा सुवेदीले गृहमन्त्रीले मार्गप्रशस्त गर्नुपर्ने राय दिएकी छन् ।

न्यायाधीश प्रधानले गृहमन्त्रीविरुद्ध अभियोग दर्ता नभइसकेको र जाहेरी दर्ता भएकै आधारमा सार्वजनिक पदमा रहन नमिल्ने वा नमिल्ने भन्ने व्यक्तिको नैतिकतासँग जोडिएको र सम्बन्धित व्यक्तिको आफ्नै विवेकबाट निर्णय हुने विषय भएको उल्लेख गरेकी छन् ।

न्यायाधीश प्रधानले सहकारी ठगीको उजुरी लिनेदेखि अनुसन्धान गर्ने काम प्रभावित नपार्न भनी गृहमन्त्रीको नाममा आदेश जारी हुनुपर्ने राय लेखेकी थिइन् ।

उनले सहकारी ठगीको उजुरीको अनुसन्धानमा अवरोध नगर्नु भन्ने आदेश हुनुपर्ने, त्यसबारे महान्यायाधिवक्ताले अनुगमन गर्नुपर्ने भनी राय दिएकी थिइन् ।

अनुसन्धान गर्ने निकाय प्रभाव वा दबाबमा परे नपरेको भन्नेबारे पीडितबाट समेत विवरण लिएर पेश गर्नु भनी आदेश हुनुपर्ने राय न्यायाधीश प्रधानले दिएकी छन् ।

न्यायाधीश शारंगा सुवेदीले भने मन्त्रीलाई

पृष्ठ २ मा

# क्रसर व्यवसायीको आन्दोलन स्थगित

> नवीकरण छुट भएका उद्योग नवीकरणका लागि आवश्यक व्यवस्था गर्ने सरकारको निर्णयसँगै क्रसर व्यवसायीको आन्दोलन स्थगित भएको हो ।



**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असार ।

क्रसर व्यवसायीको आन्दोलन स्थगित भएको छ । नविकरण छुट भएका उद्योग नविकरणका लागि आवश्यक व्यवस्था गर्ने सरकारको निर्णयसँगै क्रसर व्यवसायीको आन्दोलन स्थगित भएको हो ।

बिहीबार सरकार र नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघबीच सहमति भएको हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बिहीबार आन्दोलनरत पक्षसँग तीनबुँदे सहमति भएको हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव, नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघका अध्यक्ष तथा प्रतिनिधिसमेतको बैठकले नविकरण छुट भएका उद्योग नविकरणका लागि आवश्यक व्यवस्था गर्ने निर्णय गरेको छ ।

प्राकृतिक स्रोतको बाँडफाँट र उपयोगका साथै निर्माणजन्य सामग्रीको उपयोग र व्यवस्थापनमा देखिएका विद्यमान समस्या सम्बोधन गर्न मन्त्रालयले निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० संसद्मा दर्ता गरिसकेको छ । उक्त विधेयक दफावार छलफलका लागि संसदको समितिमा रहेको छ ।

'उक्त विधेयक पारित भएपश्चात क्रसर उद्योगको नवीकरणसम्बन्धी विद्यमान समस्या सम्बोधन हुने र निर्माणमुखी सामग्री उत्खनन् व्यवस्थापन, उपयोग र नियमनमासमेत सहजता हुने भएकाले उक्त विधेयक चाँडो पारित गर्न गराउन आआफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने' सहमतिपत्रमा उल्लेख छ ।

यसअघि, २०७९ माघ ११ गते बसेको मन्त्रिपरिषद्को निर्णय अनुसार अगाडि बढ्न आन्दोलनतर पक्ष सहमत भएको हो । जसमा नेपाल क्रसर तथा खानी उद्योग व्यवसायीले क्रसर तथा खानी उद्योगको नवीकरणका उठाउँदै आएको विषयलाई लिएर कानून बनाउने निर्णय भएको र यो प्रक्रिया अगाडि बढेको उल्लेख गरिएको छ ।

सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीको उपस्थितिमा भएको सहमतिमा संसद्मा दर्ता भएको निर्माणमुखी सामग्री (व्यवस्थापन

पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# सय जना पठाउन नसकेका म्यानपावर पनि नवीकरणको तयारीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असार

वार्षिक एक सय जना कामदार पठाउन नसकेका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरणका लागि वातावरण बनेको छ । बिहीवार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याललाई भेटेका व्यवसायीहरूले उक्त जानकारी दिएका हुन् ।

७७ वटा म्यानपावर कम्पनीले करिब एक वर्षको अवधिमा एक हजारभन्दा धेरै कामदार वैदेशिक रोजगारीमा पठाउँदा २ सय ७९ म्यानपावर कम्पनीले त्यस अवधिमा सय जना कामदार पनि पठाउन सकेका छैनन् ।

चालु आर्थिक वर्षको साढे ११ महिनामा ९ सय २२ म्यानपावर कम्पनीले वैदेशिक रोजगारीमा कामदार पठाएका छन् । प्रतिशतका हिसाबले वार्षिक सय पुऱ्याउन नपाएका म्यानपावर कम्पनीको हिस्सा ३० दशमलव २७ प्रतिशत छ ।

बिहीबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष रोजेन्द्र भण्डारीको नेतृत्वमा वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष सीता देवकोटा, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी, महासचिव कुन्छा दोर्जे दिमदोङ र व्यवसायी कुबेर कोइराला पंकज मन्त्री अर्याललाई भेट गर्न मन्त्रालय गएका थिए ।

उनीहरुले कानून मन्त्रालयबाट राय आएपछि अन्तिम निर्णयका लागि मन्त्रिपरिषद्मा पेश हुने श्रममन्त्री अर्यालले जानकारी दिएको बताएका छन् । मन्त्रिपरिषद्ले निर्णय गरेर राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयनमा आउने प्रावधान छ ।

सय संख्या पुऱ्याउन नपाएका म्यानपावर कम्पनीमध्ये केही नयाँ र केही वर्षौंदेखि शून्य लागतमा कामदार पठाउँदै आएका म्यानपावर कम्पनी रहेका छन् । वैदेशिक रोजगार विभागका अनुसार असार १२ गतेसम्म म्यानपावर कम्पनीबाट ३ लाख ३५ हजार ९ सय ९७ जना नेपाली रोजगारीको खोजीमा संस्थागत श्रम स्वीकृति लिएर विदेश गएका छन् ।

वार्षिक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका कम्पनीको इजाजतपत्र नवीकरणका लागि व्यवसायीको छातासंस्था संघ र विभिन्न राजनीतिक दल निकट संघसंस्थाहरूले निरन्तर पहल गरिरहेको बताएका छन् । असार मसान्तमा इजाजत नवीकरण गर्न वार्षिक सय जना कामदार पठाउनुपर्ने कानूनी व्यवस्था २०७५ सालमा आएको हो । तर उक्त कानूनी व्यवस्था एक पटक पनि कार्यान्वयनमा आएको छैन ।

यसअघिका वर्षहरूमा मन्त्रिपरिषद्ले वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ प्रयोग गरी बाधा अड्काउ फुकाउ आदेश जारी गरेर इजाजतपत्र नवीकरण गरिदिने व्यवस्था गर्दै आएको छ। यसपटक पनि संघसहित विभिन्न घटक संस्थाहरूले विगतको व्यवस्थाअनुसार नै आगामी आर्थिक वर्षका लागि इजाजत नवीकरण गरिदिनुपर्ने र उक्त व्यवस्था सधैंभरिका लागि खारेजी हुनुपर्ने माग जोडदाररूपमा गरिरहेका छन् ।

नेकपा माओवादी केन्द्र निकट वैदेशिक रोजगार व्यवसायी

पृष्ठ २ मा

## युरोप पठाउने भन्दै कन्सल्ट्यान्सीबाट आठ करोड ठगी

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि युरोपका विभिन्न देश जान पाउने प्रलोभनमा परी इटहरीमा रहेको एक कन्सल्ट्यान्सीबाट झण्डै तीन सय युवा ठगिएका छन् । सुनसरीको इटहरीमा रहेको इष्ट टु वेष्ट ह्युमन रिसोर्स हस्पिटालिटी एण्ड ट्रेनिङ सेन्टर (ईटूडब्ल्यू) नामको कन्सल्ट्यान्सीले आधा दर्जन बढी युरोपेली मुलुक देशमा पठाइदिने भन्दै करिब ३ सय युवाबाट ८ करोड रुपैयाँ बराबरको रकम ठगी गरेको उजुरी प्रहरीमा परेको छ ।


कन्सल्ट्यान्सीको इटहरी शाखाका प्रमुख विक्रम बराइली भनिने बलबहादुर विश्वकर्मा दुबईमा रहेको पीडितहरूको दाबी छ। उक्त कन्सल्ट्यान्सीले माल्टा, पोल्याण्ड, सर्बिया, क्रोएसिया, हंगेरी, ग्रीसलगायतका देशमा पठाइदिने भन्दै ठगी गरेको उजुरीमा उल्लेख छ। कन्सल्ट्यान्सी सञ्चालकले एक व्यक्तिबाट ४० हजारदेखि ४ लाख रुपैयाँसम्म असुली गरेको प्रहरीले बताएको छ ।

कन्सल्ट्यान्सीले कतारमा केन्द्रीय कार्यालय रहेको प्रचारप्रसार गरेर काठमाडौं, बुटवल, इटहरी र चितवनमा गरी चार वटा शाखा सञ्चालन गरेको छ। युरोपेली मुलुकमा पठाउने प्रलोभन देखाएर ठगी

पृष्ठ २ मा

# ७३ जिल्लामा फैलियो डेंगु संक्रमण

**काठमाडौं/मस–** डेंगु रोगको संक्रमण ७३ जिल्लामा फैलिएको छ । दैनिक पानी परिरहेकाले डेंगुको संक्रमण बढ्न थालेको हो ।



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखा प्रमुख डा. गोकर्णप्रसाद दाहालका अनुसार ७३ जिल्लाका एक हजार चार सय ३२ जनामा संक्रमण देखिएको छ । उनले मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेंगुको सङ्क्रमण देखिएको जानकारी दिए । मन्त्रालयले यसवर्ष सरदरभन्दा बढी वर्षा हुने आँकलन गरेकाले मनसुनसँगै लामखुट्टेको प्रजननका लागि अनुकूल अवस्था बन्न सक्ने र डेंगु रोगको संक्रमण बढ्ने आँकलन गरेको छ ।

सबभन्दा बढी काठमाडौंमा एक सय ५९ जनामा डेंगु देखिएको छ । झापामा एक सय २० र चितवनमा ८३ जनामा डेंगु संक्रमण देखिएको छ । उनले पानी संकलन गरेर राख्ने र पानीमा रहने त्यही लामखुट्टेले टोक्ने भएकाले डेंगुको जोखिम बढेको जानकारी दिए । पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र फूलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएर टोकेपछि डेंगु रोग लाग्दछ । रोग शाखाका प्रमुख डा.दाहालले डेंगु संक्रमण अझै बढ्ने भएकाले सतर्कता अपनाउन आग्रह गरे ।

डेंगुबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्ने भएकाले घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने भएको हुँदा पानी जम्न नदिने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, जुनसुकै बेला झुलको प्रयोग गर्ने र पूरै शरीर छोपिने लुगा लगाउने जस्ता कुरामा ध्यान दिन महाशाखाले जनाएको छ ।

# एभरेष्ट हस्पिटलले बृहत् निःशुल्क स्वास्थ्य शिविर र रक्तदान कार्यक्रम आयोजना गर्दै

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, २० असार




एभरेष्ट हस्पिटलले आगामी शनिबारदेखि बहिरंग थप सेवाको साथै बृहत् रूपमा निःशुल्क स्वास्थ्य शिविर र रक्तदान कार्यक्रम आयोजना गर्ने भएको छ । अस्पतालले थप सेवासँगै शनिबारदेखि निःशुल्क स्वास्थ्य शिविर तथा रक्तदान शिविर आयोजना गर्न लागेको हो ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा एभरेस्ट हस्पिटलका निर्देशक तथा प्रशासन प्रमुख दीपक चन्द्र बरालले लामो इतिहास बोकेको यो एभरेष्ट अस्पतालले समयानकुल सेवाहरु थप गर्दै आएको र सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आएकोले निःशुल्क स्वास्थ्य शिविर र रक्तदान कार्यक्रमको आयोजना गर्न लागिएको बताए ।

असार २२ गते शनिबारका दिन अस्पतालमै स्थापित ब्लड बैंक सेवा सञ्चालनमा ल्याउने, मिर्गौला बिरामीको लागि हेमोडायलोसिस सेवाको शुरुवात गर्ने समेत उनले बताए । सोही दिनदेखि अस्पतालमा स्थापना गरिको दन्त विभाग, नेत्र विभाग र आइसीयू समेत सञ्चालनमा ल्याउने निर्देशक बरालले बताए ।

पत्रकार सम्मेलनमा निःशुल्क शिविर संयोजक सुरज भुसालले शनिबार पाँच सय युनिट रगत संकलन गर्ने योजना रहेको बताए । सोको निम्ति हस्पिटलले विभिन्न ११ पार्टनर संस्थाको समन्वय गरेको छ । अहिले रगतको अभाव रहेकोले एभरेस्ट हस्पिटलको बढी भन्दा बढी रगत संकलन गर्ने योजना रहेको उनले बताए । संयोजक भुसालले एभरेष्ट हस्पिटलमा सञ्चालन हुन लागेको ब्लड बैंकमा ५०० देखि ८०० युनिटसम्म रक्त भण्डारको क्षमता रहेको समेत उल्लेख गरे ।

निःशुल्क स्वास्थ्य शिविर अन्तर्गत सुगर, युरिया, क्रियाटिनिन जाँच, मिर्गौला जाँच समेत गरिने र निशुल्क दन्त तथा आँखा जाँच पनि हुनेछ । शिविरमा दुई सय जनालाई निःशुल्क चस्मा, १ सय ५० जना महिलालाई निःशुल्क स्यानिटरी प्याड, १ सय ५० जनालाई १०० रुपैयाँ शुल्कमा अल्ट्रासाउण्ड गरिने भएको छ । सोही दिनदेखि सञ्चालन हुन लागेको हेमोडायलासिस सेवा अन्तर्गत पहिले नाम दर्ता गराउने १० जनालाई निःशुल्क सेवा दिने बताइएको छ ।

# स्वावलम्बी समूहका सदस्यहरूलाई ५० वटा बिउ पाठी वितरण



**महोत्तरी/मस–** महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं. ६ का स्वावलम्बी समूहका सदस्यहरूलाई ५० वटा बिउ पाठी वितरण गरिएको छ ।

रामगोपालपुर नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा समाज उत्थान कल्याण संघ महोत्तरीको सहजीकरणमा सञ्चालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमी साझेदारी कार्यक्रमअन्तर्गत ५० वटा बिउ पाठी वितरण गरिएको हो ।

रामगोपालपुर नगरपालिका वडा नं -६ का वडाध्यक्ष शिवचन्द्र महतोको अध्यक्षता तथा नगर प्रमुख राम दुलार साहको प्रमुख आतिथ्यतामा पाठी वितरण गरिएको समाज उत्थान कल्याण संघका अध्यक्ष रूपेश पासवानले जानकारी दिए ।

# जन्मदिनको अवसरमा प्रधानाध्यापकद्वारा छात्रवृत्ति कोष स्थापना

**मकवानपुर/मस–** मकवानपुरको थाहा नगरपालिकाको अग्रणी विद्यालय जनकल्याण माध्यमिक विद्यालयका प्रधानाध्यापक सानोभाइ कार्कीले आफ्नो जन्मदिनको अवसरमा ५५ हजार ५ सय ५५ रुपैयाँको छात्रवृत्ति अक्षयकोषको स्थापना गर्ने घोषणा गरेका छन् ।



प्रधानाध्यापक कार्कीले बिहीबार आफ्नो जन्मदिनको अवसर पारेर आफैंले अध्ययापन गराउने विद्यालय जनकल्याण माध्यमिक विद्यालयमा उक्त छत्रवृत्ति अक्षयकोष स्थापना गर्ने घोषणा गरेका हुन् ।

प्रधानाध्यापक कार्कीले विद्यालयलाई समाज परिवर्तनका लागि सकारात्मक परिवर्तन गर्ने चहाना भएको, तर आर्थिक अभावले उक्त चाहना पूरा गर्न असमर्थ भएकाहरुका लागि बीउ पुँजीको रुपमा आफ्ना पिता स्व. कृष्णबहादुर कार्की र माता स्व. ताराकुमारी कार्कीको स्मृतिमा 'कृष्णतारा विपन्न एवम् जेहेन्दार छत्रवृत्ति कोष' स्थापना गर्ने घोषणा गरेको बताए ।

अक्षयकोषमा आगामी वर्ष पनि रकम थप गरी एक लाख पुऱ्याउने बताउँदै उनले सबै सहयोगी मनहरुलाई छात्रवृत्ति कोषमा सहयोग गर्न अनुरोध गरे । उनले थाहा नगरमा विज्ञान तथा प्रविधि र साधारणतर्फ उत्कृष्ट हुने विद्यार्थीहरुका साथै आर्थिक समस्याका कारण विद्यालयको पहुँचमा पुग्न कठिन भएकाहरुलाई छात्रवृत्ति कोष सहयोगी हुने बताए ।

जनकल्याण माध्यमिक विद्यालयका पूर्वविद्यार्थी एवम् २०४० सालदेखि हालसम्म यसै विद्यालयमा शिक्षण कार्यमा रहेका कार्की २०५७ सालदेखि प्रधानाध्यपकको जिम्मेवारीमा छन् । प्रधानाध्यापक कार्की अखिल नेपाल शिक्षक संघको केन्द्रीय अध्यक्ष, विश्व शिक्षक महासंघ, नेपाल समन्वय समितिका अध्यक्ष, नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिको पदेन सदस्य समेत हुन् ।

# अमेरिकाको डेनवर शहरमा नेपाल नेत्र ज्योति संघको शाखा स्थापना



**काठमाडौं/मस–** अमेरिकाको कोलोराडो राज्यको डेनवर शहरमा नेपाल नेत्र ज्योति संघको शाखा स्थापना गरिएको छ । अमेरिका भ्रमणमा रहेका नेपाल नेत्र ज्योति संघको केन्द्रीय अध्यक्ष प्राध्यापक डा. चेतराज पन्त, संघका महासचिव भरत बहादुर चन्द, संघका कार्यकारी निर्देशक डा.शैलेश कुमार मिश्र, बोर्डका सचिव सविता केसी, भरतपुर आँखा अस्पतालका पूर्व प्रमुख मेडिकल निर्देशक डा.संगीता प्रधान र भरतपुर आँखा अस्पतालका वर्तमान प्रमुख मेडिकल निर्देशक डा.पुष्पा गिरी श्रेष्ठको उपस्थितिमा संघको शाखा स्थापना गरिएको हो ।

कोलोराडोका समाजसेवी तथा हेल्पिङ हेण्ड हेल्थ एजुकेशन इन्टरनेशनलका अध्यक्ष नारायण श्रेष्ठको संयोजकत्वमा तदर्थ समिति गठन गरिएको छ । जसको सदस्यहरुमा नविन दत्त, नवराज श्रेष्ठ, गंगा चौलागाईं, जगदिश ढकाल, अर्जुन बगाले, नीलम श्रेष्ठ, बसन्त लम्साल, कृष्ण थापा, चन्द्रमान गुरुङ, सुरेश प्रधान र सुरज भण्डारी रहेका छन् । उक्त तदर्थ समितिले नेपाल नेत्र ज्योती संघ केन्द्रको मापदण्डमा रहि र कोलोराडो संघ शाखासँग समन्वय गरी नर्थ अमेरिकाभरी यसको शाखा खोल्न सकिने निर्णय समेत गरेको छ ।

**माधवसँग...**

तर अध्यक्षमा भुसालले दाबी नछोडेपछि निर्वाचनका सबै प्रक्रिया रोकेर शीर्ष नेताहरू छलफलमा जुटेका थिए । अन्ततः भुसालले महासचिवमा चित्त बुझाएपछि अध्यक्षमा नेपाल सर्वसम्म चयन भएका हुन् ।

**गृहमन्त्रीविरुद्धको...**

निलम्बन गर्ने कानुनी व्यवस्था नभएको तर उजुरीमाथि अनुसन्धान, अभियोजन र न्याय सम्पादनसम्मका सबै चरणमा निष्पक्षता रहेको प्रत्याभूति दिलाउन गृहमन्त्रीले मार्गप्रशस्त गर्नु उचित हुने राय लेखेकी छन् । सहकारीको रकम हिनामिना भए गरेको कार्यबाट पीडित भएका भनिएका हजारौं सर्वसाधारणले उजुरी निवेदन वा जाहेरी दर्ता गर्न जाँदाकै अवस्थामा देखिनै निष्पक्ष र स्वच्छ तबरले सम्बन्धित निकाय तथा अधिकारीबाट कार्यसम्पादन भएको छ भन्ने कुरामा विश्वस्त हुने वतावरणको प्रत्याभूति दिनु राज्यको कर्तव्य हुने उनको राय छ ।

**सय...**

गणतान्त्रिक मञ्चमा आबद्ध व्यवसायीहरूले प्रधानमन्त्री एवम् माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेपाली कांग्रेस निकट लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनमा आबद्ध व्यवसायीहरूले विपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा तथा नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालमा आबद्ध व्यवसायीहरुले एमाले नेताहरूमार्फत संख्या सयको समस्या तत्कालै समाधान गर्नका लागि दबाब दिइरहेका छन् ।

**युरोप...**

गरेको भन्दै पीडितहरूले जिल्ला प्रशासन कार्यालय सुनसरीमा गत असार ८ गते उजुरी दिएका थिए ।

पीडितहरूको उजुरीपछि इटहरीमा रहेको शाखा कार्यालय श्रम तथा रोजगार कार्यालय विराटनगरले सिल गरेको छ । कन्सल्ट्यान्सीले एनआईसी एशिया, लक्ष्मी सनराइज, मुक्तिनाथ विकास बैंकलगायत विभिन्न ८ वटा बैंक खातामा पैसा जम्मा गर्न लगाएर ठगी गरेको पीडितहरूले बताएका छन् ।

**क्रसर...**

तथा नियमन) विधेयक, २०८० चाँडो पारित गराउन समन्वयकारी भूमिका निर्वाह गर्ने विषय पनि समावेश छ । अर्थात, सरकार नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघको माग अनुसार विद्यमान कानून बनाउन सहमत भए भएको छ । सरकारको यस्तो प्रतिवद्धतासँगै क्रसर व्यवसायीको आन्दोलन स्थगित भएको हो ।

क्रसर व्यवसायीहरुले निर्वाध रुपमा व्यावसाय गर्न पाउनुपर्ने बताउँदै आएका छन् । यसका लागि कानूनी आधार प्रयाप्त नरहेको भन्दै आन्दोलन गर्दै आएका छन् ।नेपालमा वैध रुपमा नदीजन्य वस्तुको उत्खनन गर्ने र उपयोग गर्ने स्पष्ट नीति नरहेको सरोकारवालाहरु बताउँछन् । तीन तहको सरकार अन्तर्गत रहेकोले क्षेत्राधिकारमा समेत स्पष्ट हुने गरी कानून बनाउनुपर्ने उनीहरुको माग रहँदै आएको छ ।


## Surunga Municipality
## Office of the Municipal Executive
**Saptari, Madhesh Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of 2nd publication -07-05-2024 (03/21/2081)**

Surunga Municipality invites electronic bids from eligible bidders for the Construction works under Sealed quotation Bidding – Single Stage Bidding procedures. Eligible bidders with the specified key qualifications should participate in this bidding. Further information may be obtined form www.surungamun.gov.np or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

| Contract Identification No. | Name of Works | Estimated Amount including PS without Vat NRs | Bid Security Amount NRs. | Cost of Bidding Document |
|---|---|---|---|---|
| SRNG-SAPT-W-RSCB -14-080-81 | Mantun ko Pasal dekhi Uttar Jane Bato Chaudhari Toleko Pokhari Hudai Kalvert Samma, Surunga- 9, Saptari | 9,54,240.44 | 27,000.00 | 1000.00 |



## मेलम्ची नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना**

तेश्रो पटक प्रकाशित मिति २०८१/०३/२१

स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ६२ क. प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९ को उपदफा ९१० तथा मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा १३ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी मेलम्ची नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी आ.व. २०८१/०८२ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रक्रिया पूरा गरेका योग्य ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र न्यूनतम मूल्यमा नघट्ने गरी PPMO को वेबसाइट http://www.bolpatra.gov.np बाट Bid Document Download गरी ८ (औं) दिन दिनको १२:०० बजे भित्र E-bidding मार्फत बोलपत्र पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण**

| क्र.सं. | बोलपत्र नं. | ठेक्काको विवरण | आ.व. ०८१/८२ को लागि निर्धारण गरिएको उत्खनन्/बिक्री परिमाण (घ.फि.) | न्यूनतम बोलपत्र रकम रु. (मू.अ.कर सहित) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | MMSI/ 2081-82/01 | ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका क्षेत्रको ढाँडखोला देखि माथि मेलम्ची न.पा. को सिमाना खाल्डे खोलासम्म र मेलम्ची नदी तर्फ तालामाराङसम्मको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) । | ३२५९५८७०.२१ (तीन करोड पच्चिस लाख पन्चानब्बे हजार आठ सय सत्तरी दशमलब एक्काइस) | २५,७८,३३,३३३।३६ (अक्षरुपी पच्चिस करोड अठहत्तर लाख तेत्तीस हजार तीन सय तेत्तीस रुपैयाँ पैसा छत्तिस मात्र) | कूल कबोल अंङ्कको ५% ले हुन आउने धरौटी रकम वा १५० दिन म्याद भएको बैंक जमानत (मू.अ.कर सहित) | २०,०००।– |

**थप जानकारी**

- धरौटी खाता नेपाल बैंक लि. मेलम्ची स्थित बैंक खाता नं. १६८०३०००००३०००००००००१
- आन्तरिक राजस्व खाता नेपाल बैंक लि. मेलम्ची स्थित आन्तरिक राजस्व खाता नं. १६८०३०००००१००१००००००१ (राजस्व शिर्षक : अन्य सेवा शुल्क १४२१९)
- ठेक्का सम्बन्धी पूर्ण सूचना तथा शर्तहरु मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np र PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट Download गर्न सक्नुहुनेछ

# कटहरियाका मेयर र उपमेयरसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस–**अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रौतहटको कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश र उपमेयर रिता देवीसहित ११ जनाविरूद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। गैरकानूनी लाभ तथा हानी पुऱ्याइ भ्रष्टाचार गरेको आरोपमा अख्तियारले उनीहरुविरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

अख्तियारले मेयर प्रकाश, उपमेयर देवीसहित प्रमुख प्रशासकीय अधिकृत रामप्रकाश साह, इन्जिनियर राजेशकुमार साह, योजना शाखा प्रमुख राम नरेशप्रसाद यादव, कार्यपालिका सदस्यहरू समिश विक्रम शाह, मनोजप्रसाद जैसवाल र इन्जिनियर मो. मकसुद आलम, बौद्धिमाई उपभोक्ता समितिका अध्यक्ष सरोजकुमार साह, कोषाध्यक्ष बबिता कुमारी चौधरी र सचिव योगेन्द्र साहविरूद्ध मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

उनीहरुविरुद्ध कटहरिया नगरपालिका वडा नम्बर २ स्थित जमुनिया बजारमा रहेको अधुरो सामुदायिक भवनमा आ.व. २०७८/०७९ मा टाइल्सको कामका लागि विनियोजन भएको रकम स्वीकृतिका लागि लागत अनुमानबमोजिम कार्य नगरी कमसल काम गरेको भन्ने उजुरी परेको थियो। टाइल्स ओछ्याउने काम बौद्धिमा उपभोक्ता समितिमार्फत भएको थियो । उनीहरुले फिल्डमा ७२०.८१ वर्ग मिटरमात्रै भएपनि त्यहाँ काम गरेको भन्दा ४७३.६० वर्गमिटर बढी काम गरेको कार्यसम्पन्न प्रतिवेदन तयार पारेको अख्तियारको दाबी छ ।

अनुगमन समितिबाट पनि सोही परिमाणको काम सम्पन्न भएको भनेर प्रतिवेदन दिएर भएको काम भन्दा बढी काम देखाएर १२ लाख ५२ हजार ९ सय ४१ रुपैयाँ ९५ पैसा बढी भुक्तानी लिएको अख्तियारले बताएको छ । उनीहरुविरुद्ध १२ लाख ५२ हजार ९ सय ४१ रुपैयाँ ९५ पैसा बिगो कायम गरी कैद र जरिवाना हुन मागदाबी लिइएको अख्तियारका प्रवक्ता घिमिरेले जानकारी दिए ।

## चन्द्रागिरि २ का वडाध्यक्षविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चन्द्रागिरि नगरपालिका वडा नं.२ का वडाध्यक्ष भाइकृष्ण तामाङविरूद्ध मुद्दा दायर गरेको छ ।

व्यवसाय स्थानान्तरणका लागि सिफारिस र दर्ता गरिदिने प्रयोजनका लागि वडाध्यक्ष तामाङको निर्देशनमा स्थानीय ध्रुव बहादुर कडायतले घुस उठाउने गरेको आरोपमा गत जेठ ९ गते एक बिचौलियालाई पक्राउ परेका थिए ।

वडाध्यक्ष तामाङ र बिचौलिया भनिएका कडायतविरूद्ध मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिएका छन् ।

सेवाग्राहीबाट नगद दुई लाख र चेकबाट दुई लाख गरी चार लाख घुस लिएको पुष्टि भएकाले विशेष अदालतमा मुद्दा दायर गरेको अख्तियारले जनाएको छ । कडायतले वडाध्यक्ष तामाङको निर्देशनबमोजिम घूस मागिरहेको भन्ने सूचना पाएपछि अख्तियारले निगरानी गरिरहेको थियो ।

उनलाई सेवाग्राहीबाट नगद २ लाख र उनकै नाममा काटिएको २ लाख रुपैयाँबराबरको चेक गरी चार लाख घुससहित नियन्त्रणमा लिइएको थियो । कडायतलाई बलम्बुस्थित चन्द्रागिरि नगरपालिका कार्यालयको गेटअगाडि सडकबाट पक्राउ गरेको र अख्तियारको हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रवक्ता घिमिरेले जानकारी दिए ।

# बालविवाह न्यूनीकरणका लागि किशोरी रुपान्तरण कक्षा सञ्चालन

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २० असार

जुम्लामा बालविवाह रोकथाम तथा न्यूनीकरणका लागि किशोरी रुपान्तरण कक्षा सञ्चालन गरिएको छ। युनिसेफको साझेदारी र आवाज संस्था सुर्खेतको आयोजनामा जुम्लाको तातोपानी र पातारासी गाउँपालिकामा किशोरी रुपान्तरण कक्षा सञ्चालन गरिएको हो ।

कर्णाली प्रदेशमा बालविवाहको अवस्था भयवह रहेकाले यसको रोकथाम तथा न्यूनीकरणका लागि जुम्लाका दुई पालिकामा किशोरी रुपान्तरण कक्षा अभियानकै रुपमा सञ्चालन गरिएको मनोसामाजिक परामर्शकर्ता धना कुमारी रावलले जानकारी दिइन् ।

उनका अनुसार यो रुपान्तारण कक्षा लिइरहेका किशोरीका अभिभावकसँग पनि अन्तरक्रिया गरिएको छ। अभिभावकहरुसँग रुपान्तरण कक्षामा आबद्ध भएका किशोरीमा आएको परिवर्तन, लैंगिक हिंसा, छुईप्रथा, बालविवाह, बहुविवाहलगातका सामाजिक कुरीतिका विषयमा छलफल तथा अन्तरक्रिया गरिएको हो। उनले तातोपानी र पातारासीका अभिभावकसँग दुई-दुई दिन अन्तरक्रिया गरिएको बताइन् ।



त्यस्तै तातोपानी-८ का दुई वडामा तातोपानी गाउँपालिकाले आफैं रुपान्तरण कक्षा चलाएको छ भने अरु सबै वडाका किशोरीका लागि आवाज संस्थाले नै रुपान्तरण कक्षा सञ्चालन गरेको छ। पातारासीका ५ वटा वडा यसअघि नै बालविवाह मुक्त वडा घोषणा भइसकेका छन् । त्यस बाहेकका अरु सबै वडामा रुपान्तरण कक्षा सञ्चालन गरिएको छ ।

वडा स्तरमा सञ्चालन गरिएको रुपान्तरण कक्षामा ३० जना किशोरी सहभागी थिए । कक्षा सञ्चालनका लागि तातोपानी र पातारासीका गरी १२ जना सहजकर्ता तथा एक जना समुदायिक मनोपरामर्शकर्ता रहेका छन्।

एउटा वडामा ४२ वटा रुपान्तरण कक्षा चलाइएको मनोसामाजिक परामर्शकर्ता रावलले बताइन् । उनका अनुसार तातोपानी र पातारासीमा गरी ५ सय ४ वटा रुपान्तरण कक्षा सञ्चालन गरिएको छ । उनले किशोरीका अभिभावकसँग मात्रै २४ पटक छलफल गरिएको जानकारी दिइन् ।


## Cyprus मा बैदेशिक रोजगारको अवसर

**1. Company: Theodora Chrysanthou (Lic No.172), Limsssols, Cyprus**

पूर्व स्वीकृती मिति २०८१।०३।१९ चलानी नं. ६०२२१९०४ LT.No. 307160

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 15 | कामको दक्ष | 400 | ५७,२०५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |
| 2 | Employee | - | 05 | | 970 | १३८,७२२।- | | | | | | | |

**2. Company: Theodora Chrysanthou (Lic No.172), Limsssols, Cyprus**

पूर्व स्वीकृती मिति २०८१।०३।१९ चलानी नं. ६०२२१९०३ LT.No. 307195

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 15 | कामको दक्ष | 400 | ५७,२०५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |
| 2 | Employee | - | 05 | | 970 | १३८,७२२।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. १०,०००।- |

अन्तर्वार्ता मिति २०८१ असार २८ गते (12 July, 2024) मेनपावर कार्यालय सामाखुसीमा हुनेछ ।

**Om Shree Mahashakti Employment Pvt. Ltd.**
Gov. Lic. No. 200/057/058
Samakhushi-26, Town Planning, KTM,Phone:- +977-1-4357662
Email:- radhabudhathoki@hotmail.com, www.osmefw.com


## राहुल कुशवाहा मृत्यु घटना

# हत्या भएको परिवारको दाबी, प्रहरीले जाहेरी नलिएको आरोप

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २० असार

रौतहट सदरमुकाम गौर नगरपालिका वडा नं ५ का राहुल कुशवाहाको सामुहिक हत्या भएको परिवारले आरोप लगाएको छ । मृतक राहुलको आमाले छोराको पूर्व योजना बनाएर सामुहिक हत्या भएको आरोप लगाइन् ।

उनले आफ्नो छोरा राहुललाई रितेश कुशवाहा,समीर कुशवाहा,मोहम्मद रेहान र नितल राणाले हत्या गरेको र उनीहरुमाथि किटानी जाहेरी दर्ता गर्न जिल्ला



प्रहरी कार्यालय रौतहट जाँदा समेत जाहेरी लिन नमानेको बताइन् ।

२०८१ जेष्ठ ३१ गते काठमाडौं बढ्दै गरेका बेला हत्या आरोपितहरुले मृतक राहुल कुशवाहालाई फोन गरी बोलाएका थिए। त्यही दिन ३ बजेको समयमा खाजा खाएर बसिरहेको छोरालाई उनीहरुले बोलाएर लगेको उनले बताइन् । राहुल लिवरपुल इन्टनेशनल सेकेन्ड्री स्कुल नयाँ बानेश्वर काठमाडौंमा कक्षा १२ मा पढ्दै आएका थिए । असार १ गते राजदेवी न.पा. अन्तर्गत पर्ने वाग्मती नदीको पताही घाटमा वसतपुर प्रहरी चौकीको प्रहरीले राहुलको शवलाई फेला पारेको थियो ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा राहुलकी आमाले छोरालाई आरोपितहरुले आर्थिक लोभमा परी हत्या गरेको बताइन्।

# रारामा पौडी खेल्ने क्रममा युवकको मृत्यु



**प्रेमराज कार्की/मध्यान्ह**
मुगु, २० असार

मुगुको रारा तालमा पौडी खेल्ने क्रममा एकजनाको डुबेर मृत्यु भएको छ ।

तालको पूर्वी भागमा पर्ने ठाकुरनाथ नजिकै किनारमा पौडी खेल्दै गर्दा छाँयानाथ रारा नगरपालिका-५ कार्कीबाडाका २१ वर्षीय शिशिरजंग रावलको डुबेर मृत्यु भएको हो। मृतक रावल रारा ताल वरिपरि निर्माणाधीन अवस्थामा रहेको साइकल लेनमा काम गर्दै थिए । अन्य चारजना साथीहरूसँगै पौडी खेल्ने क्रममा रावलको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

दिउँसो २ बजेको घटनाबारे जानकारी पाउनेबित्तिकै नेपाली सेनाको हनुमानध्वज गुल्मबाट २ वटा डुंगासहित नेपाली सेना घटनास्थल पुगेको थियो । रारा विमानस्थल र जिल्ला प्रहरी कार्यालयबाट थप प्रहरी टोली पुगी तालबाट शव बाहिर निकालेको थियो । शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल मुगु लगिएको छ ।


**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कोशी अस्पताल**
**विराटनगर, नेपाल**

**कोशी अस्पतालबाट निःशुल्क तथा न्यूनतम शुल्कमा संचालित कार्यक्रम तथा सेवाहरू**

नेपाल सरकारको स्वास्थ्य नीति तथा कार्यक्रमहरू अनुसार यस अस्पतालबाट सेवाग्राहीका लागि निःशुल्क तथा न्यूनतम शुल्कमा विशिष्ट स्वास्थ्य सेवा, उपचारात्मक, निरोधात्मक तथा पूर्नस्थापनात्मक सेवासम्मका विभिन्न स्वास्थ्य सम्बन्धी सेवा कार्यक्रमहरू संचालन हुँदै आएको कुरा सर्वविदित नै छ। कोशी अस्पताल विराटनगरबाट संचालित निशुल्क तथा न्यूनतम शुल्कमा तपशिल बमोजिमका सेवाहरु संचालनमा रहेका हुँदा तपशिल बमोजिमका सेवाहरू लिई लाभ लिनुहुन आम सेवाग्राही वर्गमा सुसूचित गरिन्छ ।

**निःशुल्क तथा न्यूनतम शुल्कमा संचालित सेवा/कार्यक्रमहरू :**

१. आङ्ग खसेका महिलाको लागि निःशुल्क शल्यक्रिया ।
२. हाइड्रोशिल भएका विरामीहरूको लागि निःशुल्क शल्यक्रिया ।
३. हात्तिपाइले भएका विरामीकालागि निःशुल्क उपचार सेवा ।
४. एकद्वार संकट व्यवस्थापन कार्यक्रम-लैंगिक हिंसा पीडितलाई निःशुल्क उपचारात्मक तथा पुर्नस्थापना सेवा ।
५. सामाजिक सेवा इकाई मार्फत विपन्न नागरिकको निःशुल्क उपचार सेवा ।
६. स्वास्थ्य बीमा सेवा ।
७. पोषण पुर्नस्थापना गृह संचालन कुपोषित बालबालिकालाई निःशुल्क उपचार सेवा ।
८. निःशुल्क गर्भपतन सेवा ।
९. भर्ना भएका बिरामीका लागि निःशुल्क रासनको व्यवस्था ।
१०. आमा सुरक्षा कार्यक्रम निशुल्क प्रसुती सेवा ।
११. नवजात शिशुको निशुल्क उपचार सेवा ।
१२. खोप सेवा परिवार नियोजन सेवा ।
१३. कुष्ठरोग निवारण कार्यक्रम संचालन ।
१४. एच आइभी एड्स सम्बन्धी ए आर टी र मेथाडोन सेवा ।


# घरेलु कार्यालयको अनुगमन : ३४ बोरा मल बरामद



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २० असार

घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीले बजार अनुगमनलाई तीव्रता दिएको छ ।

अर्घाखाँचीका ग्रामीण भेग तथा बजार क्षेत्रमा गरिएको अनुगमनमा साढे ३४ बोरा डिएपी मल बरामद गरिएको छ । सन्धिखर्क नगरपालिका वडा नम्बर २ मा रहेको कृषि सहकारीले वितरण गर्ने अनुदानको मल चुत्राबेसीका एग्रोभेटले अवैध लुकाएर राखेको पाइएकोले नियन्त्रणमा लिइएको घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीका कार्यालय प्रमुख सन्तोष खनालले बताए ।

चुत्राबेसीको भुसाल एग्रोभेट सेन्टरबाट साढे १७ बोरा र चुत्राबेसी बन्जाडे एग्रोभेटबाट १७ बोरा गरी साढे ३४ बोरा डिएपी मल अवैध हिसाबले बेच्न राखेको पाइएकाले बरामद गरिएको प्रमुख खनालले बताए ।

अर्घाखाँचीका सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्य लगायतको टोली अनुगमनमा खटिएको हो ।

कृत्रिम अभाव खडा गर्ने गरी उक्त पसलहरुले अनाधिकृत रुपमा,बिक्री गर्ने गरेको पाइएकोले आवश्यक कारबाहीको लागि सन्धिखर्क नगरपालिकामा पठाइएको घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीका प्रमुख खनालले बताए ।

अहिले मकैमा मल राख्ने समय छ । यो समयमा बजारमा मलको अभाव देखाइ कालो बजारी गर्ने उद्देश्य हुन सक्ने सन्धिखर्क नगरपालिका कृषि शाखा प्रमुख राजेन्द्र भट्टराईले बताए ।

अर्घाखाँचीमा अहिले मलको कृत्रिम अभाव गराएपछि यहाँका किसानहरु मल नपाएर चिन्तित बनेका बेला घरेलु कार्यालयले छापा मार्न थालेपछि किसानहरु खुसी भएका छन् ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/१२/२८ मा दर्ता भएको **प्रा.लि.नं. २१२८५७** को **ईकाई माहाबौद्ध यातायात प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

OFFICE MANAGER- 1 (Male/Female)
RECEPTIONIST- 1 (Female)

Salary Negotiable

Job Requirements:
1. Must have experience in related fildes in 2 years.
2. Must be proficient in Microsoft World, Excel, PowerPoint, Photoshop, should be fluent in English & Nepali fast typing .
3. Salary will be negotiable .

E-mail: nepallifera1476.2017@gmail.com

NEPAL LIFE RECRUITMENT AGENCY (P) LTD.
Govt. Lic. No. 1476/074/075
+977-9851076290, 01-4598920
Gaushala, Kathmandu, Nepal

**JOB VACANCY**

We are hiring a following candidates to support our recruiting and sourcing team to place qualified candidates faster.

| | |
|---|---|
| DOCUMENTATION OFFICER | -2 (Male/Female) |
| OFFICE ASSISTANT | -2 (Male/Female) |
| DRIVER | -1 (Male) |
| SECURITY GUARD | -1 (Male) |

Salary negotiable for deserving candidates.
Requirement: Minimum 2 Years experienced in the related fields.

9801234991/9801234999 ykmanpoweragency@gmail.com

Y. K. Manpower Agency Pvt. Ltd.
वाई.के. मेनपावर एजेन्सी प्रा.लि.
Govt. Lic. No. 1439/074/075
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu
Tel.: (+977-014599181, 014597116)

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

# प्रौढ पुस्ताकै नियन्त्रण

पाँच दशकदेखि राष्ट्रिय राजनीतिको नेतृत्वमा रहेका माधवकुमार नेपाल नै नेकपा एकीकृत समाजवादीको अध्यक्ष चयन भएका छन् । प्रज्ञाभवन कमलादीमा सम्पन्न दशौं राष्ट्रिय महाधिवेशनबाट माधव अध्यक्ष चयन भएका हुन् । अध्यक्ष मण्डलका अध्यक्षको हैसियतमा पूर्वप्रधानमन्त्री झलनाथ खनालले माधव निर्विरोध अध्यक्ष चयन भएको घोषणा गरेका थिए । सम्मानित नेतामा आफै र महासचिवमा घनश्याम भूसाल निर्विरोध चयन भएको घोषणा खनालले गरेका थिए । उनको घोषणालाई महाधिवेशन हलले अनुमोदन गरेको छ । तीन जनाको पद टुंग्याएपछि बाँकी नेतृत्व भने सचिवालयले टुंग्याउनेगरी महाधिवेशन सकिएको छ । खनालले सचिवालयलाई बाँकी पदाधिकारी सहित केन्द्रीय कार्य समिति बनाउने म्याण्डेट दिन प्रस्ताव गरेका थिए । हलले ताली बजाएर उक्त प्रस्ताव पारित गरेको छ ।


महाधिवेशनबाट सर्वसहमत नेतृत्व टुंग्याएपछि एकीकृत समाजवादीका नेताहरूले एकताको सन्देश गएको टिप्पणी गरेका छन् । एमालेबाट भर्खरै फुटेर बनेको पार्टी भएकाले मत विभाजन नभएर निर्विरोध नेतृत्व चयन हुनुलाई सकारात्मक मान्नुपर्ने उनीहरूको मत छ । तर कतिपयले निर्विरोधको नाममा पुरानै नेतृत्वलाई निरन्तरता दिइएकाले नयाँ सन्देश दिने अवसरबाट पार्टी चुकेको टिप्पणी गरिरहेका छन् । पाँच दशकपछि पनि तिनै माधव र झलनाथ खनाललाई नेतृत्व मानेर जाँदा पार्टीप्रति आकर्षण नबढ्ने उनीहरूको मत छ । गत आमचुनावको सन्देश पनि युवा नेतृत्वको माग भएकाले पार्टीले नेतृत्व परिवर्तन गरेको भए नयाँ सन्देश जाने उनीहरूको तर्क छ । तर विद्रोहको नेतृत्व गरेका माधव नेपाललाई एकपटक अनुमोदन गर्नु न्यायिक दृष्टिले पनि उचित हुनेमा उनीहरूको वकालत नै थियो ।

तर एकीकृत समाजवादीको महाधिवेशनले राजनीतिक दलहरूको नेतृत्वमा अझै पुरानै पुस्ता हाबी रहेको सन्देश गएको छ । नेपाली कांग्रेसमा शेरबहादुर देउवा, नेकपा एमालेमा केपी शर्मा ओली र माओवादी केन्द्रमा पुष्पकमल दाहाल प्रचण्डको नेतृत्व चलिरहेकाले पनि एकीकृत समाजवादीमा माधव नेपाल हुनुपर्ने मनोविज्ञान बनेको पनि प्रष्ट हुन्छ । महाधिवेशनकै क्रममा पनि देउवा, ओली र प्रचण्डसँग सम्वाद गर्नकै निम्ति माधव अध्यक्ष हुनुपर्ने आवाज उठेको थियो । अझ माधव प्रधानमन्त्री नै बन्न सक्ने संभावना रहेकाले पनि उनकै नेतृत्वमा एकीकृत समाजवादी हुनुपर्ने मत छ । अर्थात् मुलुक अहिले पनि ७० वर्ष माथिका नेताहरूको कब्जामै छ । जसको पुष्टि एकीकृत समाजवादीको महाविधेशनबाट भएको मात्र हो ।

# बढ्दो माग, घट्दो उत्पादन

*धान नेपालको प्रमुख खाद्यान्न बाली मात्र नभइ खाद्य सुरक्षा पनि हो । आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक महत्व बोकेको धानबालीलाई एक मुख्य बालीको रूपमा मात्र नभइ औसत नेपालीको जीवन पद्धतिको रूपमा अङ्गीकार गरिएको छ ।*

अग्रलेख



● के.बी. बस्नेत

धान नेपालसहित अन्य एसियाली देशहरूको प्रमुख खाद्यान्न बाली हो । विश्वको झन्डै ९० प्रतिशत धान उत्पादन एवम् खपत यिनै देशहरूमा हुन्छ । चीन, भारत, इन्डोनेसिया, बङ्लादेश, थाइल्याण्ड, भियतनाम, म्यानमार, फिलिपिन्स, कम्बोडिया र पाकिस्तान गरी दश प्रमुख धान उत्पादक देशहरू हुन् । तर, नेपाल १७औं धान उत्पादक देश हो । यहाँको ७७ जिल्लामध्ये मनाङ र मुस्ताङबाहेक बाँकी ७५ जिल्लामा धानखेती गरिन्छ । यहाँको उच्च पहाडमा पाँच प्रतिशत, मध्य-पहाडमा २५ प्रतिशत र तराईमा ७० प्रतिशत क्षेत्रमा धानखेती गरिन्छ । किन्तु, यहाँ मागअनुरूप धान उत्पादन गर्न नसकेकोले अन्य देशहरूमाथि निर्भर रहनुपरेको छ ।

सन् १९६० को दशकमा नेपाल दक्षिण एसिया क्षेत्रमा सबैभन्दा बढी धान उत्पादन गर्ने देश थियो । परन्तु, वि.सं. २०७७/७८ मा आइपुग्दा उक्त क्षेत्रमा कम धान उत्पादन गर्ने देश यही बन्यो । वास्तवमा नेपालमा धान नै जीवन हो । किनभने यसले नेपालीहरूको क्यालोरी सेवनको झन्डै एक तिहाइ योगदान प्रदान गर्छ ।

धान नेपालको प्रमुख खाद्यान्न बाली मात्र नभई खाद्य सुरक्षा पनि हो । आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक महत्व बोकेको धानबालीलाई एक मुख्य बालीको रूपमा मात्र नभई औसत नेपालीको जीवन पद्धतिको रूपमा अङ्गीकार गरिएको छ । नेपालमा धान खेतीले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । किनभने यहाँ धानको उत्पादन बढ्दा आर्थिक वृद्धिदर बढ्छ र धानको उत्पादन घट्दा आर्थिक वृद्धिदर घट्छ । अधिकांश क्षेत्र पहाडी भूभागको रूपमा रहेको नेपालको कुल क्षेत्रफल एक करोड ४७ लाख १८ हजार हेक्टरमध्ये केवल २१ प्रतिशत अर्थात् ३० लाख ९१ हजार हेक्टर भूभाग खेतीयोग्य छ । यसमा उच्च पहाडी भेगदेखि तराईको समथर मैदानसम्म पर्छ जहाँ धानखेती गरिन्छ ।

नेपालमा संसारको सबैभन्दा उच्च स्थानमा धान उत्पादन गर्ने प्राकृतिक अनुकूलता

छ । यही कारणले जुम्लाको हुमचौरमा धान उत्पादन गरिन्छ । विश्वमा धान उत्पादन गरिने स्थानमध्ये यो उच्च स्थानमा अवस्थित छ । एक आधिकारिक तथ्याङ्कअनुसार नेपालको धान, मकै, कोदो, जौ, फापर आदि उत्पादनमध्ये धानको उत्पादन ४७.६ प्रतिशत छ । यसैगरी खेती गरिने कुल क्षेत्रफलको झन्डै ४२.४ प्रतिशत हिस्सामा धान खेती गरिन्छ ।

नेपालको विशेषगरी तराई क्षेत्रमा बढी धान उत्पादन गरिन्छ । झापा जिल्लामा सबैभन्दा बढी धान उत्पादन गरिन्छ । कुल धान उत्पादनमा झापा जिल्लाको योगदान मात्र ७.२ प्रतिशत छ । यहाँ धानको उत्पादकत्व ४.३३ मेट्रिक टन छ । यहाँ हुने कुल धान उत्पादन पहाडी २२ जिल्लामा हुने उत्पादन बराबर छ । परन्तु, पछिल्लो समय तराई मधेशमा पनि खेतीयोग्य जमिन मासिने क्रम जारी रहेकोले किसानहरू धान खेतीबाट पलायन हुने क्रम जारी छ । यसलाई समयमै रोक्न नसकेमा भविष्यमा यहाँको धान उत्पादनमा नकारात्मक प्रभाव पर्नेछ । उत्पादन क्षमतालाई दृष्टिगत गरी नेपाल सरकारले झापा जिल्लालाई धान उत्पादनको सुपरजोन घोषणा गरेको छ । तर, भविष्यमा सरकारले त्यहाँ अधिकतम धान उत्पादन गर्न सके मात्र उक्त घोषणा सार्थक हुनेछ ।

नेपालको अर्थतन्त्रमा कृषिले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । हालसम्म पनि यहाँको झन्डै दुईतिहाइ जनता कृषिमा आश्रित छन् भने राष्ट्रिय आयको ४० प्रतिशत र वैदेशिक व्यापारको ८० प्रतिशत यसै क्षेत्रबाट प्राप्त हुन्छ । यहाँको अर्थतन्त्रमा खाद्यान्न बालीहरूमध्ये धानको योगदान मात्र २० प्रतिशत रहेकोले यसको विशेष महत्व छ ।

केही दशक अघिसम्म धान निर्यात गर्ने नेपाल हाल आयातमुखी




*केही वर्षयता नेपालमा युवाहरूको विदेशिने क्रम निरन्तररूपमा बढेकोले यहाँका गाउँघरमा खेतीका लागि चाहिने श्रमको अभाव छ । यसबाहेक आर्थिक तथा सामाजिक कारणले धेरै कृषकहरू कृषि पेशा छोडी अन्य पेशामा आबद्ध भएका छन् । परिणामतः यहाँको धान उत्पादन बढाउन सकिएको छैन ।*

बनेको छ । हाल यहाँ धानखेती गर्ने क्षेत्रफल घटेको छ । विगतमा यहाँ झन्डै १५ लाख हेक्टर जग्गामा धान खेती गरिएको थियो भने हाल १३ लाख हेक्टर जमिनमा मात्र उक्त खेती गरिन्छ । नेपालमा वार्षिक सरदर ६० लाख मैट्रिक टन धानको आवश्यकता पर्छ । किन्तु, कृषि तथा पशुपंक्षी मन्त्रालयको पाँच वर्षको तथ्यांक मनन गर्दा यहाँ कुनै पनि वर्ष ५६ लाख १० हजार मैट्रिक टनभन्दा धेरै धान उत्पादन गर्न सकिएको छैन । यति मात्र नभई यहाँको धानको उत्पादकत्व प्रति हेक्टर ३.६० भन्दा बढी हुन सकेको छैन ।

